महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
स्था: २०७३
१ नं.प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं.

मिति - २०७८/१२/२२

**विषय - आदिवासी जनजाति सूचीकरण कार्यसमितिको जरुरी सूचना**

यस महाकुलुङ गाउँपालिकाको आदिवासी जनजातिहरुको सूचीकरण गर्ने उद्धेश्यले महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति: २०७८/१२/ ०८ गते बसेको कार्यपालिकाको बैठकबाट आदिवासी जनजातिहरुको सूचीकरण कार्यविधि, २०७८ स्वीकृत भए बमोजिम आदिवासी जनजातिको सूचीकरणका लागि अध्ययन अनुसन्धान गरि सुझाव पेश गर्न गाउँपालिका अध्यक्ष एवं आदिवासी जनजातिको सूचीकरण कार्यसमितिको संयोजक श्री सागर किरातीको संयोजकत्वमा ९ सदस्यीय कार्य समिति गठन भई कार्य समितिले कार्य प्रारभ गरिसकेको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

आफुलाई आदिवासी जनजाति हो भनी सूचीकरण गर्न गराउन चाहने र छुट्टै पहिचानको माग गर्ने सामाजिक, साँस्कृतिक समुदायहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न विशेषताहरु समेतलाई आधार मानि औपचारिक रुपमा यस गाउँपालिकामा जानकारी गराउनु हुनको लागि अनुरोध गरिन्छ । साथै जानकारी यस कार्यालयको इमेल ठेगाना mahakulung.rum@gmail.com मा समेत पठाउनु हुन अनुरोध गरिन्छ ।

विष्णु रंजन वराल
प्रमुख प्रशासकीय अधिकृत

विशेषताहरु

१. साझा भाषाको मान्यता,
२. साझा आर्थिक जीवन शैली तथा उत्पादन सम्बन्ध,
३. साँस्कृतिक एकरुपता साझा भूगोल,
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्वीकृत मान्य परिभाषा,
५. साझा पहिचान,
६. साझा इतिहास (लिखित /अलिखित),
७. धर्म,सँस्कृति र मूल्य मान्यता,
८. यसका अतिरिक्त आफ्नो जातीय पहिचानको विशिष्ट आधारहरु भएमा सो समेत विस्तृत रुपमा उल्लेख गर्ने यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यसमितिको कार्यालय तथा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

Email: mahakulung.rum@gmail.com
Web: mahakulungmun.gov.np